नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभग**

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५...
कन्ट्रोल रुम- ५०१...
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

Scanned with CamScanner

प.सं.: ०८१/८२
च.नं.

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राजस्व अनुसन्धान विभाग हरिहरभवन

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारामार्फत अनुसन्धान कार्य सम्पन्न गरी आज मिति २०८१।१२।१३ मा उच्च अदालत जनकपुरको अस्थायी ईजालस वीरगञ्जमा दुईवटा अभियोगपत्र दर्ता गरेको छ ।

अमायरा बस्त्रालय (स्था.ले.नं. ६१९९३२८०४) का सञ्चालक जिल्ला बारा, जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ बस्ने जमुना साह कलवारको नाति, रामनरेश साह कलवारको छोरा चन्दन गुप्ताले बीजक नै जारी नगरी गलत विवरण बुझाई कपडाको कारोबार गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४(क), (ग) र (झ) बमोजिम राजस्व चुहावटको कसुर गरेको हुँदा उक्त मालवस्तुहरुको सोही ऐनको दफा २(छ१) बमोजिम आयकरतर्फ रु. १,६५,६०,५९३।७५ तथा मू.अ.करतर्फ रु. ५८,३७,६८३।०० गरी जम्मा रकम रु. २,२३,९८,२७६।७५ (अक्षेरुपी दुई करोड तेइस लाख अन्ठानब्बे हजार दुई सय छहत्तर रुपैयाँ पचहत्तर पैसा मात्र) बिगो कायम गरी निज प्रतिवादीलाई सोही ऐनको दफा २३(१) बमोजिम बिगो असुल उपर गरी बिगोको शतप्रतिशत जरिवाना गरी हुन आउने कुल जम्मा रकम रु. ४,४७,९६,५५३।५० (अक्षेरुपी चार करोड सत्चालीस लाख छयानब्बे हजार पाँच सय त्रिपन्न रुपैयाँ पचास पैसा मात्र) र दफा २३(१) (ख) बमोजिम कैद सजाय हुन मागदावी लिई अभियोगपत्र दर्ता गरिएको छ।

त्यसैगरी जिल्ला पर्सा वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ बस्ने दरोगा राउत कुर्मीको नाति, रामचन्द्र प्रसाद कुर्मीको छोरा संजय कुमार कुर्मीले शिव शान्ति कन्स्ट्रक्सन (स्था.ले.नं. ३०३४५६४६३) को कारोबार गर्दा वीरगञ्ज महानगरपालिकाबाट जारी भएको रसिद नम्बरको अर्को रसिद जारी गरी दोहोरो रसिद मार्फत कारोबार गरेर राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४(क) र (च) बमोजिम राजस्व चुहावट कसुर गरेको हुँदा उक्त कारोबारको सोही ऐनको दफा २(छ१) बमोजिम आयकरतर्फ बिगो रु. १९,६०,१५१।३४ तथा मू.अ.करतर्फ बिगो रु. १०,३९,०६३।०० गरी जम्मा रु २९,९९,२१४।३४ (अक्षेरुपी उनान्तीस लाख उनान्सय हजार दुई सय चौध रुपैयाँ चौतीस पैसा मात्र) बिगो कायम गरी निज प्रतिवादीलाई सोही ऐनको दफा २३(१) बमोजिम बिगो रकम असुल उपर गरी बिगोको शतप्रतिशत जरिवाना गरी कुल जम्मा रु. ५९,९८,४२८।६८ (अक्षेरुपी उनान्साठी लाख अन्ठानब्बे हजार चार सय अट्ठाइस रुपैयाँ अटसट्ठी पैसा मात्र) र सोही ऐनको दफा २३(१)(क) बमोजिम कैद सजाय हुन मागदावी लिई अभियोगपत्र दर्ता गरिएको गरिएको छ।

दुवै अभियोगपत्रमा मागदावी लिइएको कुल जम्मा रकम रु. ५,०७,९४,९८२।१८ (अक्षेरुपी पाँच करोड सात लाख चौरानब्बे हजार नौ सय बयासी रुपैयाँ अठार पैसा मात्र) रहेको छ।

२०८१/१२/१३

(कृष्ण कुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता